# सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरण समितिको कार्यविधि, २०७९

## प्रस्तावना

सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्था वा निकायको लागि पाठ्यक्रम निर्धारण तथा त्यस्ता संस्थाको प्रमाणीकरण गर्नको लागि सहकारी नियमावली, २०७५ को नियम ७९ को उपनियम (१) अनुसार गठित प्रमाणीकरण समितिको कार्य सञ्चालन तथा बैठक व्यवस्थापन गर्न वाञ्छनिय भएकोले प्रमाणीकरण समितिले सोही नियमको उपनियम (५) ले दिएको अधिकारको प्रयोग गरी मिति २०७९।०६।२६ को निर्णयानुसार यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरण समितिको कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ।

ख) "केन्द्र" भन्नाले सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र सम्झनु पर्छ।

ग) "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ।

घ) "नियामक निकाय" भन्नाले सहकारी ऐन, २०७४ को दफा १५० बमोजिमको निकाय सम्झनुपर्छ।

ङ) "प्रमाणीकरण समिति" भन्नाले नियमावलीको नियम ७९ को उपनियम (१) बमोजिमको प्रमाणीकरण समिति सम्झनु पर्छ।

च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

छ) "विद्युतीय माध्यमबाट शैक्षिक तथा प्रशिक्षण कार्यक्रम" भन्नाले सूचना प्रविधिको प्रयोग गरी भर्चुअल रुपमा सञ्चालन हुने शैक्षिक तथा प्रशिक्षण कार्यक्रम कार्यक्रम सम्झनु पर्छ।

ज) "विभाग" भन्नाले सहकारी विभाग सम्झनु पर्छ।

झ) "शैक्षिक तथा प्रशिक्षण कार्यक्रम" भन्नाले सहकारी ज्ञान र सीप विकास तथा अभिवृद्धिको लागि सञ्चालन गरिने तालिम, प्रशिक्षण, अनुशिक्षण, अभिमुखीकरण, सचेतना कार्यक्रम समेतलाई सम्झनु पर्छ।

ञ) "सङ्घ" भन्नाले प्रचलित सहकारी कानून बमोजिम दर्ता तथा मान्यता प्राप्त भएको जिल्ला विषयगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ, प्रदेश सहकारी सङ्घ, केन्द्रीय विषयगत सहकारी सङ्घ, विशिष्टिकृत सहकारी सङ्घ सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय सहकारी महासङ्घ समेतलाई जनाउँछ।

ट) "सहकारी संस्था" भन्नाले प्रचलित सहकारी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका संस्था, सङ्घ र सहकारी बैंक समेतलाई सम्झनु पर्छ।

ठ) "सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्था वा निकाय" भन्नाले सहकारी विभाग, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, प्रदेश सहकारी प्रशिक्षालय, प्रदेश सहकारी प्रशिक्षण कार्यालय, स्थानीय तह, सहकारी संस्था र संघ वा सो अन्तरगत सञ्चालन हुने मानव श्रोत विकास केन्द्र वा त्यस्तै प्रकारका क्रियाकलाप सञ्चालन गर्ने शैक्षिक संस्था समेतलाई जनाउँदछ।

ड) नियमावलीको नियम ७९ को उपनियम (४) मा व्यवस्था भएको "प्रारम्भिक सहकारी सदस्य-शिक्षा" भन्नाले पूर्व सहकारी शिक्षा र सहकारी सम्बन्धी बढीमा दुई दिन् सम्मको तालिम कार्यक्रम वा सचेतनामूलक शैक्षिक क्रियाकलापलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रमाणीकरण समितिको सचिवालय

३. **प्रमाणीकरण समितिको सचिवालयः** (१) प्रमाणीकरण समितिको सचिवालय सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रमा रहने छ।

४. **प्रमाणीकरण समितिको सञ्चालन तथा व्यवस्थापनः** (१) प्रमाणीकरण समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी जिम्मेवारी केन्द्रको हुनेछ।

(२) केन्द्रले प्रमाणीकरण समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापनको लागि वार्षिक कार्यक्रममा बजेटमा व्यवस्था गरिनेछ।

(३) प्रमाणीकरण समितिको सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धी मापदण्ड अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकाको अधिनमा रहि हुनेछ।

५. <u>प्रमाणीकरण समितिको सचिवालयको काम, कर्तव्य र अधिकारः</u> प्रमाणीकरण समितिको सचिवलायको काम, कर्तव्य र अधिकार प्रमाणीकरण समितिको निर्णय अनुसार तोकिनेछ।

## परिच्छेद-३

## प्रमाणीकरण समितिको बैठक

६. <u>प्रमाणीकरण समितिको बैठकः</u> प्रमाणीकरण समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा प्रमाणीकरण समितिको सचिवालय रहेको स्थानमा र आवश्यकता अनुसार अन्य स्थानमा पनि बस्न सक्नेछ।

७. <u>गणपूरक संख्याः</u> प्रमाणीकरण समितिको बैठकको लागि सम्पूर्ण संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा प्रमाणीकरण समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

८. <u>बैठकको अध्यक्षताः</u> प्रमाणीकरण समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

९. <u>निर्णयः</u> (१) प्रमाणीकरण समितिको अध्यक्ष सहितको बहुमतको निर्णय मान्य हुनेछ।

(२) प्रमाणीकरण समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

## परिच्छेद-४

## पाठ्यक्रम प्रमाणीकरण

१०. <u>हाल सञ्चालनमा रहेका पाठ्यक्रम प्रमाणीकरण गर्नुपर्नेः</u> (१) प्रारम्भिक सहकारी सदस्य-शिक्षा कार्यक्रम बाहेक सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्था वा निकायले जुनसुकै प्रकारको शैक्षिक तथा प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम प्रमाणीकरणको लागि प्रमाणीकरण समितिमा पेश गर्नुपर्नेछ।

(२) सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका सहकारी संघ संस्था वा निकायहरूले हाल सञ्चालन भईरहेका शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको पाठ्यक्रम समेत यसै कार्यविधि बमोजिम एक वर्ष भित्र प्रमाणीकरण गराइसक्नुपर्नेछ।

११. <u>प्रमाणीकरणको लागि पेश गर्नुपर्नेः</u> (१) सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्था वा निकायहरूले प्रस्तावित पाठ्यक्रम वा शैक्षिक क्रियाकलापहरूको विवरण

अङ्ग्रजी/नेपाली सफ्टकपि (नेपालीः युनिकोड कालिमाटी फन्ट, ११ फन्ट साइज, A4 साइज तथा अङ्ग्रजी: Times New Roman Font, 12 size, A4 Paper) सहित केन्द्रमा पेश गर्नुपर्ने छ।

(२) केन्द्रले प्राप्त प्रस्तावित पाठ्यक्रम वा शैक्षिक क्रियाकलापहरूको अध्ययन गरी राय सहित प्रमाणीकरणको लागि प्रमाणीकरण समितिको बैठकमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सहकारी संघ संस्था वा निकायले प्रस्तावित पाठ्यक्रम वा शैक्षिक क्रियाकलापको सम्बन्धमा आवश्यकता अनुसार अध्ययनको लागि केन्द्र समक्ष प्रस्तुती गर्नुपर्नेछ।

(४) प्रमाणीकरण गर्नुपूर्व प्रमाणीकरण समितिले आवश्यक देखेमा प्रमाणीकरण उपसमिति गठन गरी प्रस्तावित पाठ्यक्रम वा शैक्षिक क्रियाकलापको सम्बन्धमा अध्ययन गराउन सक्नेछ।

(५) विद्युतीय माध्यमबाट सञ्चालन हुने शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको पाठ्यक्रम समेत प्रमाणीकरण समितिबाट प्रमाणीकरण गराउनु पर्नेछ।

१२. <u>प्रमाणीकरण तथा निर्धारणः</u> (१) पेश हुन आएका शैक्षिक तथा प्रशिक्षण क्रियाकलापहरूको पाठ्यक्रम प्रमाणीकरण समितिबाट प्रमाणीकरण भएपछि मात्र लागू हुनेछ।

(२) प्रमाणीकरण समितिले आवश्यक निर्देशन सहित पाठ्यक्रम प्रमाणीकरण तथा निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-५

## विविध

१३. <u>सेवाकालिन तालिमः</u> सेवाकालिन तालिम सञ्चालन गर्न ईच्छुक संस्थाको हकमा सेवाकालिन तालिमको पाठ्यक्रम प्रमाणीकरण भए पश्चात् लागू हुनेछ।

१४. <u>साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्न सकिनेः</u> सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू बीच वा सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम प्रदान गर्ने संस्था र अन्य निकाय बिच लागत साझेदारीमा आधारित शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा यसरी साझेदारी गर्ने संस्थाहरूमध्ये कुनै एक संस्थाको लागि प्रमाणित भएको सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सम्बन्धी पाठ्यक्रमको आधारमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१५. <u>प्रमाणित पाठ्यक्रमको प्रयोगः</u> (१) सहकारी सम्बन्धी शैक्षिक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्था वा निकायहरू मध्ये कुनै एक संस्था वा निकायको लागि प्रमाणित पाठ्यक्रम अन्य संस्था वा निकायले प्रयोग गर्नुपर्ने भएमा पुनः प्रमाणीकरण गराइराख्नुपर्ने छैन।

२) उपदफा (१) बमोजिम प्रयोग भएको जानकारी प्रमाणीकरण समितिको सचिवालयमा गराउनुपर्नेछ।

१६. <u>निर्देशन दिन सक्नेः</u> (१) प्रमाणीकरण समितिले सहकारी सम्बन्धी शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने कुनैपनि सरकारी निकाय वा संघ संस्थाले सञ्चालन गरेको शैक्षिक तथा प्रशिक्षण कार्यक्रमका सम्बन्धमा कुनै उजुरी वा गुनासो प्राप्त भएमा सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित निकाय वा संघ संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन पालना नगर्ने निकाय वा संस्थालाई आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

१७. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रमाणीकरण समितिले फुकाउन सक्नेछ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र
नयाँ बानेश्वर, काठमाडौं